सुनवल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: } ०७८-५७०११६
फ्याक्स नं.: }


पत्र संख्याः
चलानी नं.:

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२७)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस सुनवल नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/१०/२४ को निर्णय बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सुनवल नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | स्थान/ घाट | उत्खनन् परिमाण (घ.फि.) | न्यूनतम बोलपत्र रकम | धरौटी रकम | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | 29. SUN/ NCB/2079-80 | तुरिया खोला तल्लो खण्ड सुनवल-४ | राजमार्गको पुलदेखि ५०० मिटर दक्षिण रामग्राम नगरपालिकाको सीमाना सम्म | २११८८८ | २८६०४८८.०० | १४३०२४.४० | ३००० |
| २ | 30. SUN/ NCB/2079-80 | तिलकाना खोला सुनवल-६ | झोलुङ्गे पुलबाट ५०० मि. उत्तरपूर्वदेखि ७०० मि. माथि सम्म | ३९५५२५ | ५३३९५८७.५० | २६६९७९.३८ | ३००० |
| ३ | 31. SUN/ NCB/2079-80 | पानभार खोला उपल्लो खण्ड सुनवल-११ | उपल्लो घाट (प्रहरी तालिम केन्द्रको पश्चिममा घोला मिसिएको स्थानबाट १२०० मि. माथिसम्म | १७४१०१५ | २३५०३७०२.५० | ११७५१८५.१३ | ३००० |
| ४ | 32. SUN/ NCB/2079-80 | पानभार खोला तल्लो खण्ड सुनवल-११ | तल्लो घाट (प्रहरी तालिम केन्द्रको पश्चिममा घोला मिसिएको स्थानबाट १४०० मि. तलसम्म। | १६५२७२८ | २२३११८२८.०० | १११५५९१.४० | ३००० |

- उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ।
- नदीजन्य पदार्थको न्यूनतम राजस्व दर रू. १३.५ प्रति घनफिट (मू.अ.कर बाहेक) निर्धारण गरिएको छ।

अभिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: फ्याक्स नं.: ०७८–५७०११६


पत्र संख्या:
चलानी नं.:

<u>शर्तहरू:</u>

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको <u>सुनवल नगर कार्यपालिका आन्तरिक राजस्व खाता</u>, खाता नं. 0962050028279002 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट *bolpatra.gov.np* बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस नगरपालिकाको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम एन.आइ.सी. एसिया बैंक लिमिटेड सुनवल शाखामा रहेको <u>धरौटी खाता सुनवल नगर कार्यपालिका</u> खाता नं. 96CA500968524004 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप साथ सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन दिनको १२ (बाह्र) बजेभित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको दिउसो २ (दुई) बजे देखि यस कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत


Email: sunwalmunicipality@gmail.com, Website: www.sunwalmun.gov.np

फोन नं.: }०७८-५७०११६
फ्याक्स नं.:

# सुनवल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः
चलानी नं.:

५. बोलपत्र सम्वन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत पचास प्रतिशतले हुने रकम अनिवार्य वुझाउनुपर्नेछ। दोस्रो किस्तावापत बाँकी पचास प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०७९ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ।

८. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, ढुङ्गा, गिट्टी, बालुवा, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ (लुम्विनी प्रदेश), चुरे संरक्षण क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७ तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन तथा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिवाट प्राप्त सहमति पत्र यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोटः: विस्तृत जानकारीको लागि यस कार्यालयको Website: sunwalmun.gov.np मा समेत हेर्न सकिनेछ।)

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Email: sunwalmunicipality@gmail.com, Website: www.sunwalmun.gov.np